# राष्ट्रिय घोषणापत्र, धुलिखेल २०६९ जेठ २५

प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासंघ, न्यूनतम पारिश्रमिक निर्धारण समिति र सूचना विभागले २०६९ जेठ २५ गते संयुक्त रुपमा आयोजना गरेको राष्टिय मिडिया सम्मेलन २०६९ यो धुलिखेल घोषणा जारी गर्दछः,

१. संविधानसभाबाट संविधान जारी हुन नसकी संविधान सभा नै विघटन भएको यो विषम परिस्थितिमा देशका समग्र पत्रकारहरु मुलुकमा बढ्दै गएको संक्रमणकाललाई जतिसक्दो छोट्याइ शान्ति र संविधान सुनिश्चित गर्न सम्पूर्ण राजनीतिक दलहरुलाई सहमति र सहकार्यका आधारमा अघि बढ्न आग्रह गर्दछौं। साथै सम्पूर्ण नेपाली नागरिकमा शदीयौंदेखि कायम रहदै आएको आपसी सदभावलाई अझ सवल बनाउन आह्वान गर्दछौं।

अन्तर्राष्टिय मान्यता तथा नेपालको संविधानबाट प्रदत्त प्रेस स्वतन्त्रतालाई अक्षुण र मर्यादित बनाउन सरकार, सञ्चार संस्था र मिडियाकर्मीहरुका अलग र सामूहिक दायित्वलाई स्वीकार गर्दै सबै पक्षलाई आआफ्ना दायित्व पालना गर्न आह्वान गर्दछौंः

सरकारसँग :

२. मुलुकमा बढ्दो अराजक गतिविधिप्रति सम्वेदनशील हुदै केही समय अघि मिडिया तथा मिडियाकर्मीप्रति नियोजित रुपमा भएका आक्रमणप्रति खेद व्यक्त गर्दै हामी समग्र पत्रकारहरु निर्वाध प्रेस स्वतन्त्रता र स्वतन्त्र प्रेसको प्रत्याभूतिकालागि सरकारको गम्भीर ध्यानाकर्षण गराउँछौं।

३. पत्रकार बिरुद्ध बढ्दो भौतिक आक्रमणप्रति सचेत हुदै भौतिक सुरक्षाको प्रत्याभूति गर्न हालसम्म गरिएका हत्या र आक्रमणका दोषीलाई कानूनी कार्वाही गरी दण्डहीनताको अन्त्य गरियोस्।

४. राष्टिय विज्ञापन नीति तत्काल जारी गरियोस्। यो नीतिमा स्थानीय विज्ञापन स्थानीय मिडियालाई उपलव्ध गराउने तथा विज्ञापन वितरण समानुपातिक आधारमा गर्ने व्यवस्था गरियोस्।

५. सरकारले निर्धारण गरे बमोजिमको मिडियाकर्मीहरुको न्यूनतम पारिश्रमिक कार्यान्वयन गर्न माग गर्दै सर्वोच्च अदालतले निर्देश गरेबमोजिम स्यायक्त संस्थाका रुपमा तत्काल प्रेस रजिष्टारको कार्यालय स्थापना गरियोस्।

६. प्रेस काउन्सील नेपालको पुनर्संरचना गरी मिडिया सामग्रीको नियमित अनुगमन तथा अभिलेख राख्ने व्यवस्था गरियोस्। काउन्सिललाई उच्च मर्यादित संस्थाका रुपमा प्रवर्द्धन गर्दै पत्रकारिताको उच्च व्यावसायिक मर्यादा कायम गर्न आचारसंहिताको कडाइसाथ पालना गर्ने वातावरण तयार गरियोस्।

७. स्थानीय मिडियाको प्रवर्द्धन गर्दै मिडिया नियामक निकायहरुलाई विकेन्द्रीकरण गरियोस्।

८. व्यावसायिक पत्रकारिताको विकासमा टेवा पुर्‍याउन तथा पत्रकारिता क्षेत्रको क्षमता अभिवृद्धि गर्न राज्यका तर्फबाट समेत सहयोग हुन आवश्यक छ। पत्रकारिता विषयमा अध्ययन तथा अनुसन्धान समेत गर्ने प्रयोजनकालागि स्वायत्त मिडिया एकेडेमी स्थापना गरियोस्।

सञ्चार संस्थासँग :

९. लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न लोकतन्त्र र शान्तिका पक्षमा विना कुनै सम्झौता क्रियाशील रहन आग्रह गदैछौं।

१०. मिडिया हाउसमा संस्थागत विकासको अवधारणालाई प्रोत्साहन गरियोस्।

११. मिडियामा हुने लगानीलाई पारदर्शी बनाइयोस्।

१२. आचार संहिताको पालनालाई सुनिश्चित गर्नुका साथै हरेक मिडियाले आआफ्ना संस्थाको नैतिक आचरण सार्वजनिक गरोस्।

१३. सम्पादकीय स्वतन्त्रताको प्रत्याभूति गरियोस्।

१४. कार्यरत मिडियाकर्मीको क्षमता अभिवृद्धिकालागि संस्थागत व्यवस्था गरियोस्।

१५. समाचार तथा सम्पादन कक्षलाई समावेशी बनाउन प्रयत्नशील रहदै समाचार तथा विचारलाई समावेशी बनाइयोस्।

पत्रकारसँग :

१६. श्रमजीवी पत्रकार ऐनको कार्यान्वयनलाई प्रभावकारी बनाउन विना नियुक्ति र विना पारिश्रमिक काम नगर्न हामी सबै पत्रकारहरुलाई आग्रह गर्दछौं।

१७. व्यावसायिक पत्रकारिताको विकास गर्न पेशागत मर्यादालाई कायम राख्दै प्रेस स्वतन्त्रता, लोकतन्त्र र मानवअधिकार प्रति पूर्ण प्रतिवद्धता व्यक्त गर्दै उच्च नैतिक तथा व्यावसायिक अभ्यास गर्न सबै पत्रकारमा आह्वान गर्दछौं।